

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३२६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस १० गते आइतबार ❑ 25 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## सत्तारुढ दलको बैठक निष्कर्षविहीन

रासस
काठमाडौं, ९ पुस

सत्ता गठबन्धनको बैठक आइतबार बिहान फेरि बस्ने गरी सकिएको छ।

निर्वाचन सम्पन्न भएपछि शनिबार बसेको पाँचदलीय गठबन्धनका शीर्षनेताहरूको बैठकले निर्वाचन परिणाम र आगामी दिशाबारे छलफल गरेको र थप छलफल आइतबार बिहान गर्ने गरी टुङ्गिएको सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले बताउनुभयो।

'निर्वाचनपछि विकसित राजनीतिक घटनाक्रमबारे गम्भीररूपमा छलफल भएको छ र आगामी दिनमा कसरी जाने भन्नेबारे पनि छलफल भएको छ । जनताको अभिमतलाई सम्मान गर्दै अघि बढ्ने कुरामा पनि हामी सहमतिमा पुगेका छौँ', मन्त्री कार्कीले भन्नुभयो । मुख्यगरी अहिलेको राजनीतिक परिस्थीतिबारे छलफल गरिएको उहाँको भनाइ छ।

अब बन्ने सरकारमा गठबन्धनले निरन्तरता पाउने पनि कार्कीले बताउनुभयो । 'अहिलेको सन्दर्भमा प्रधानमन्त्रीको पहिला हुने भन्ने कुरा गौण विषय हो । यसमा हलो अड्किन्न । मुलुकलाई अहिलेको जनताको आकांक्षाअनुसार कसरी अगाडि बढाउने भन्ने कुरा हो । गठबन्धनकै नेतृत्वमा सरकार बन्छ', सञ्चारमन्त्री कार्कीले भन्नुभयो।

बैठकमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र राष्ट्रिय जनमोर्चाका शीर्ष नेताहरू सहभागी हुनुहुन्थ्यो। नयाँ सरकार गठनका लागि सहमति गरिसक्न दलहरूलाई राष्ट्रपति कार्यालयले दिएको समय आइतबार बेलुका सकिँदैछ । निर्वाचन आयोगले प्रतिनिधिसभा निर्वाचन २०७९ को परिणामसहितको प्रतिवेदन बुझाएपछि राष्ट्रपतिले सात दिनभित्र नयाँ सरकार गठनका लागि पुस ३ गते आह्वान गर्नुभएको थियो।

नयाँ सरकार गठनका लागि नेपालको संविधानको धारा ७६ को उपधारा (१) बमोजिम कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त नगरेपछि संविधानको धारा ७६ को उपधारा (२) अनुसार प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमतप्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्यलाई प्रधानमन्त्रीमा नियुक्त गर्ने व्यवस्था रहेको छ। सोही व्यवस्थाअनुसार राष्ट्रपतिले पुस १० गते आइतबार बेलुका ५ बजेभित्र दाबी पेस गर्न राष्ट्रपतिले दलहरूलाई आह्वान गर्नुभएको थियो।

## विरामीहरुको हँसिलो अनुहारले काम गर्ने ऊर्जा मिल्छ–डा कोइराला

पोखरापत्र संवाददाता
पोखरा, ९ पुस

हामीले कसैको जीवनमा केही न केही सकरात्मक प्रभाव पार्न सक्छौं । कहिले काहीं असुन्तुष्ट पनि हुन सकिन्छ। दुःख त हुन्छ। थकित पनि भइन्छ। प्रत्येक दिन दर्जनौं विरामीहरुको हँसिलो अनुहार देख्न पाउँदा काम गर्ने ऊर्जा मिल्छ। यो भाग्यको कुरा पनि हो। पोखरामा जारी नेपाल लिटरेचर फेस्टिभलको तेस्रो दिन पत्रकार केशव शरण लामिछानले प्रस्तोता रहेको कर्यक्रममा डा भगवान कोइरालाले सो कुरा वताएका हुन।




संस्कृतिमा मेरो असाध्यै राम्रो थियो । भाषामा मात्रै दख्खल थिएँ होला त्यो बेला। अख्यानमा म कमजोर नै थिएँ । साइन्स वायोलोजिमा राम्रो भएकोले म त्यतातिर लागे। पुस्तकमा त्यस्तो फूलबुट्टा भरिएको छैन, मलाई जस्ताको जस्तै प्रस्तुत गरिएको डा कोइरालाले भने । एउटा पुस्तक २५ हजार मूल्यमा बिक्री गरेर सात प्रदेशमा विशिष्टिकृत बाल अस्पताल खोल्न सम्भव देख्नुहुन्छ ? भनेर पत्रकार लामिछानले राखेको प्रश्नमा सम्भव छैन भन्ने कुरामा क्लियर छु,त्यो अपेक्षा पनि राखेको छैन।देशका लागि चाहिएको विषय हो । सरकारले यस्ता खालका अस्पतात खोल्न सकेको छैन । तर तपाईले यो उमेर आएर यो जोखिम किन मोल्न खोजेको ? भन्ने अर्को प्रश्नमा डा कोइराला भन्छन्-बालअस्पताल सरकारको योजनामा नै पर्छ । यो सबैले मिलेर गर्ने काम हो। यसमा हामी सबैले मिलेर काम गर्न चाहान्छौं। अस्पतालको मोडल पनि सरकार र गैरसकारी क्षेत्रबाट हुने हो । यसलाई सरकारले गर्न नसकेको पनि नभनौं। स्थानीय सरकारको कुरा गर्दा पोखरा महानगरसँग पनि सम्झौता भएको जस्तो लाग्छ। पहिलो विशिष्टिकृत बाल अस्पताल चाहि पोखरामै बन्ने होकी भन्ने आशा पनि गरिएको छ नि भन्ने लामिछानेको अर्को प्रश्नमा डा कोइराला भन्छन्-मेरो पोखरासँग पुर्खैली नाता कतिपयलाई थाहा पनि छैन होला । मेरा पुस्ता पोखाराबाट पाल्पा गएका रहेछन्। त्यसकारण मेरो पोखरासँग आत्मीय सम्बन्ध छ। काठमाडौं भन्दा पहिले यही अस्पतलाको खोल्ने भेर योजना बनाएका थियौं । भेनु खाली नभएकोले काम अलि ढिला भयो भने। आफैमा संवेदना हुँदैन, यो सत्य हो। संवेदना ब्रेनको टिप एरियामा हुन्छ । त्यहीबाट एक्प्रेस भएर मुटुलाई ड्राइभ हुने डा काइरालाले जानकारी दिए । प्रत्येक पटक मुटुलाई खोलेर हेर्दा वा अप्रेशन गरेर ठिक बनाएर फेरि चालु गर्दा अझै पनि एक्साइटमेन्ट आउँछ। मुटुमा एक हिसाबको विशेषता चाहि छ। अरु माशंपेशी भएपनि अरु जस्तो होइन। यसको रिदम हुन्छ । मुटुको बनाउँदा युनिक फिचर मुटुलाई दिएको छ। त्यसैले प्रत्येक मटुलाई टिक गर्दा छुट्टै एक्साइटमेन्ट हुन्छ। अर्को चुनौती पनि छ। यसअर्थमा हेर्दा धेरै संवेदना भएको महशुस सनाए डा. कोइरालले । अस्पतालमा गम्भीर प्रकृतिको रोगले विरामी भएर आउँदा विरामीको इमोसन र विरामीको आफन्तहरुको इमोसन। आत्तिएका हुन्छन्।त्यसमा डाक्टरहरुले विचार नपुराएमा कठिन हुन्छ। रोगको र मानसिक रुपमा पनि उपचार गर्नु पर्ने हुन्छ । चिकित्सकले रोगको मात्रै उपचार गर्ने होइन । विरामी र समग्र रुपलाई हेर्ने हो। पहिले विरामीको आफन्तको इमोसनलाई सम्बोधन गर्न सकियो भने समाधान हुने डा. काइरालाले भने।

## टुर दी पोखरामा महजोडी समेत सहभागी

पोखरापत्र संवाददाता
पोखरा, ९ पुस

यस बर्षको टुर दी पोखरा कार्यक्रम अर्न्तगत शनिबार पोखरामा १९ किलोमिटर साइकल र्‍याली सम्पन्न भएको छ।




पोखराको प्रर्दशनी केन्द्रबाट बिहान सुरु भएको उक्त र्‍यालीमा पोखरा सहित काठमाण्डौं, धरान, नेपालगन्ज, चितवन, नवलपुर लगायतबाट सहभागि भएको टुर दी पोखराका संयोजक राजन गोङ्जुले बताए।

पोखराको प्रर्दशनी केन्द्रबाट सुरु भई उक्त र्‍याली महेन्द्रपुल, पालिखेचोक, तेर्सापट्टि, नालाकोमुख, विन्ध्यवासिनी, बगर, टुडिखेल, हरिचोक मिरुवा, भद्रकालि स्कुल, वडा कार्यालय १३, कुडंर ३२ कि.मी. अमरसिंहचोक कालिकाचोक, गौडामुख, बुद्धचोक, पृथ्वीचोक हुदै प्रर्दशनी केन्द्रमा पुगेर समापन भएको हो। उक्त र्‍याली पश्चात पोखरामा भएको सोलो साइकल रेसमा अमेरीकाका इलाइजा प्रथम भए । उनले सहभागि १९ जनालाई पछि पार्दै अन्य भन्दा ढिलो (सोलो) साइकल चलायर प्रथम भएका हुन्। सो प्रतियोगितामा सुजन अधिकारी दोश्रो र सिजनराज महत तेश्रो भए। प्रतियोगितामा २० जना सहभागि भएको साइकल सिटी पोखराका पूर्व अध्यक्ष प्रकाश बज्रचार्यले बताए।

उक्त कार्यक्रमको शुभारम्भ गर्दै पोखराका मेयर धनराज आचार्यले पोखरामा साइकल सिटिको रुपमा विकास गर्न खोजेको बताए । उनले यस्ता कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लगेको अबस्थामासाइकलको प्रयोगले पोखराको वातावरण संरक्षण गर्ने अभियानमा सहयोग पुग्ने बताए।

त्यसैगरी कार्यक्रममा महजोडी हाँस्यकलाकार मदन कृष्ण श्रेष्ठ, हरिवंश आचार्यले यस्तो कार्यक्रमले पोखराको खेल पर्यटनको प्रर्बद्धन हुनेमा जोड दिए । नेपाल आयल निगमका प्रमुख इन्जिनियर उमेश थामीले इन्धन बचत गर्ने उद्धेश्यले आयोजित उक्त र्‍यालीले इन्धन कम खपत गर्न प्रोत्शाहन गरेको बताए। नेपाल उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले विदेशबाट आयात हुने अत्याबसेक इन्धनको सकेसम्म कम खपत गर्न सुझाव दिए । पोखरामा यस्ता खेल गतिविधिले खेल पर्यटनको विकास गर्न मद्धत पुग्ने पोखरा ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानीले बताए।

शनिबार नै पोखरामा भएको खुल्ला रक्तदान कार्यक्रमबाट ३० यूनिट रक्त संकलन भएको साइकल सिटि पोखराका अध्यक्ष अभिषेक कोइरालाले बताए।

यसैबिच, विहिबार ७२ किलोमिटर दुरीमा बागलुङको कालिका मन्दिरबाट पोखराको विन्ध्यवासिनीमन्दिरसम्मसाइकल र्‍याली सम्पन्न भएको छ। टुर दी पोखरा अर्न्तगत फ्रान्समा हुने साइकल टुर कै झल्को दिने गरी विहिबार बागलुङ देखि पोखरासम्मको मन्दिर जोड्ने गरी उक्त कार्यक्रम गरिएको टुर दी पोखराका संयोजक राजन गोङ्जुले बताए। उक्त र्‍यालीमा १० बर्षका लुकास भट्टराई देखि ७३ बर्षका तिर्थ श्रेष्ठ सहित करिब एक सय भन्दा बढी साइक्लिटहरुको सहभागिता रहेको उनले बताए।

स्वास्थ्य, वातावरण र पर्यटनका लागि साइकल भन्ने नाराका साथ साइकल सिटीले टुर दी पोखरा कार्यक्रम हरेक वर्ष आयोजना गर्दै आएको संयोजक गोङ्जुले जनाए । टुर दी पोखराको पूर्व सन्ध्यामा पोखरामा बुधबार पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजनामा दोश्रो राष्ट्रिय मेयर कप साइकल दौड प्रतियोगिता सम्पन्न भएको थियो।

## पोखरामा पर्यटकलाई अब सूर्योदयसँगै जिपलाइनको मजा

पोखरापत्र संवाददाता
पोखरा, ९ पुस


साहसिक पर्यटनमा रुचि राख्नेहरूका लागि अब पोखरामा सूर्योदयसँगै जिपलाइनको मनोरञ्जन प्राप्त गर्ने भएका छन्।

पोखराको महत्वपूर्ण पर्यटकीय गन्तव्य सराङकोटबाट हेमजाको याम्दीसम्म विसं २०७० देखि जिपलाइन सञ्चालन गर्दै आएको हाइग्राउण्ड एडभेञ्चर्स नेपालले स्वदेशी तथा विदेशी पर्यटकलाई सूर्योदय र जिपलाइनको अनुभवसँगसँगै प्रदान गर्न लागेको हो। पोखराको सराङकोटमा सूर्योदयको दृश्यावलोकनका लागि पुग्ने पर्यटकलाई जिपलाइनको अनुभवसमेत सँगै प्रदान गर्न सो सुविधा ल्याइएको हाइग्राउण्ड एडभेञ्चर्स नेपालका निर्देशक दिनेश महर्जनले बताउनुभयो। उहाँका अनुसार बिहान ५ देखि ५:३० बजे पर्यटकलाई पोखराको लेकसाइडबाट गाडीमा सराङकोटसम्म पुर्‍याएर सूर्योदय दृश्यावलोकनसहित जिपलाइनको अवसर प्रदान गरिनेछ। हाल बिहान ९ बजेपछि मात्र जिपलाइन सेवा सञ्चालन हुँदै आएको छ।

उहाँले भन्नुभयो, 'सनराइज हेर्न आउने एडभेञ्जर लभर्सहरूका लागि बिहानको समयमा जिपलाइनको अवसर थिएन, सो कमी हटाउँदै उनीहरूलाई सबैरै साहसिक जिपलाइनको अनुभव दिलाउने गरी यो प्याकेज ल्याएका हौं, यसबाट पोखरामा पर्यटकले थप सुविधा प्राप्त गर्नेछन् र रमाउनेछन्।' हाल दैनिक चार सयदेखि पाँच सय जनासम्म पर्यटक सूर्योदय हेर्नका लागि सराङकोटमा पुग्ने गरेका छन् । उनीहरूलाई लक्षित गरी हाइग्राउण्डले जिपलाइन सेवा सुरु गरेको हो। सनराइज प्याकेजमा स्टेशनसम्म आउन र गन्तव्यसम्म यातायात सुविधा, सराङकोटमा ब्रेकफास्ट र जिपलाइनको अनुभव समेटिएको छ । सो प्याकेजमा प्रतिव्यक्ति रु १२ हजार शुल्क लाग्ने कम्पनीले जनाएको छ । सराङकोटमा समुद्र सतहदेखि एक हजार पाँच सय ५० मिटरको उचाइमा रहेको स्टेशनबाट याम्दीमा नौ सय ५० मिटर उचाइको तल्लो स्टेशनसम्म जिपलाइन सञ्चालन हुने गरेको छ। दुई स्टेशनबीचको दूरी एक किमी आठ सय मिटर छ।


बाँकी अन्तिम पृष्ठमा ▶▶





# एक दिने निःशुल्क स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
पोखरा, ९ पुस

पोखरा महानगरपालिका वडा नं १५ को आयोजना तथा आई एन.एफ नेपालको सहकार्यमा १ दिने निःशुल्क स्वास्थ्य शिविरमा २६६ जनाले सेवा लिएका छन् ।

अस्पतालको पहुँचबाट टाढा रहेका अति विपन्न तथा गरिब व्यक्तिहरूलाई मध्यनजर गर्दै आयोजना गरिएको १ दिने निःशुल्क स्वास्थ्य शिविरमा उक्त संख्याका नागरिकले स्वास्थ्य सेवा लिएका हुन् । शिविरमा हाड जोर्नी तथा नशा, छाला र अन्य जनरल रोगका बिरामीहरूको स्वास्थ्य चेक जाँच पश्चात् औषधि वितरण गरिएको थियो। चिकित्सकहरू सन्दीप बराल, प्रकाश कार्की र सुरक्षा बरालले बिरामीको चेक जाँच गरेका थिए। शिविरमा ६ वर्षदेखि देखि ९० वर्ष सम्मका महिला पुरुषहरूले सेवा लिएका थिए ।



शिविरको समापन गर्दै वडा अध्यक्ष तोरण बहादुर बानियाँले आई.एन.एफ नेपालले १ दिने शिविर राखेर वडावासी २६६ जना नागरिकको निःशुल्क स्वास्थ्य परीक्षण गरेकोमा शिविरमा खटिएका चिकित्सक लगायतको टोली प्रति आभार प्रकट गरे । उनले वडा नं १५ को ५ वर्षे विकास र परिवर्तनको रणनीति अनुरूप पूर्वाधारलाई मात्रै विकास नभनी पूर्वाधारलाई एउटा विकासको पाटो बनाएर स्वास्थ्य, शिक्षा, खेलकुद र स्वरोजगारलाई प्रमुख एजेन्डा बनाएर अगाडि बढेको बताए । बानियाँले वडाका नागरिकको स्वास्थ्यप्रति सचेत र गम्भीर रहेको भन्दै यस कार्यलाई अझ सशक्त ढङ्गले अगाडि बढाउन सहयात्रीको भूमिका निर्वाह गरेकोमा आई एन.एफ नेपालप्रति गौरवान्वित भएको प्रतिक्रिया दिए। उनले यस संस्थाले विगतदेखि आजको दिनसम्म प्राविधिक, भौतिक र आर्थिक रूपमा सहयोग गर्दै आइरहेकोमा वडा नं १५ वासीहरूको तर्फबाट धन्यवाद दिँदै यस संस्थाले देखेको सपनालाई साकार बनाउन आफूहरू सहयोग गर्न तयार रहेको बताए । वडा सदस्य आशिष भण्डारीले आजको निःशुल्क स्वास्थ्य शिविरमा वडाका नागरिकको उल्लेखनीय सहभागिता रहेको भन्दै नागरिकको स्वास्थ्यलाई नै प्राथमिकता दिँदै वडाले छिट्टै वृहत् खेलकुद महोत्सवको आयोजना गर्न लागेको बताए । आई एन.एफको तर्फबाट बोल्दै प्रशासन अधिकारी दिवस कुँवरले वडामा रहेर आफ्ना सेवा नागरिकमा प्रवाह गर्न पाएकोमा खुसी लागेको बताए। उनले कोभिडको समयमा पनि विभिन्न थरिका सामानहरू वितरण गरेको स्मरण गर्दै सहयोगलाई निरन्तरता दिन इच्छुक रहेको बताए ।

अमरसिंह उच्च मावि र कालिका उच्च माविका पूर्व प्राध्यापक, रेडक्रस नेपालका पूर्व केन्द्रीय सदस्य तथा वडा नं १५ का समाजसेवी महेश गुरुङले वडाले निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरेकोमा खुसी व्यक्त गरे। उनले गत हप्ता मात्रै वडाले वृद्ध वृद्धाहरूलाई विभिन्न स्थलहरूको भ्रमण गराएकोमा धन्यवाद दिँदै पछिल्लो समय वडाले देखाएको सक्रियता सकारात्मक कार्यको उदाहरण भएको बताए ।

पश्चिम घर भई हाल पोखरा बन क्याम्पसमा अध्ययनरत दीपेन्द्र साउद हाड जोर्नीको समस्या लिएर आएकोमा चिकित्सकले राम्रोसँग चेक जाँच गरी औषधी दिएर पठाएको बताए । उनले आफूहरू जस्तै टाढा- टाढाबाट अध्ययन गर्न आउने विद्यार्थीहरूका लागि निःशुल्क स्वास्थ्य सेवाले महत्त्वपूर्ण भूमिका खेल्ने भन्दै अस्पताल र वडालाई धन्यवाद दिए ।

केही महिना अघिदेखि घुँडा दुखे पनि आर्थिक अभावका कारण औषधोपचार गर्न नसकेकी पोखरा गैरी गाउँकी ६६ वर्षीया लक्ष्मी परियार वडामा निःशुल्क उपचार गर्न पाइन्छ भनेर आएको बताइन् । "डाक्टर बाबुले हेरे, औषधी पनि लेखेर दिएका छन् । अब सन्चो होला ।" उज्यालो मुख लगाउँदै उनले भनिन् । यस्तै पोखरा नयाँ गाउँ नागबेली टोलका वृद्ध कमल प्रसाद सुवेदीले टाउकोमा चिलाउने समस्या लिएर आएको र डाक्टरले चेक जाँच गरेर औषधी दिएको भन्दै वडाले यस्ता कार्यक्रमको आयोजना गरेकोमा सबैलाई फाइदा पुगेको भन्दै खुसी व्यक्त गरे । १ दिने निःशुल्क स्वास्थ्य शिविरमा स्वास्थ्य उपकेन्द्रका कृष्ण वास्तोला, सचिव विष्णु प्रसाद लामिछाने, वडा सदस्य बलराम पौडेल र सेतीमाया गुरुङले उपचार गर्न आएका वृद्ध वृद्धाहरूका लागि व्यवस्थापन र सहजीकरण गरेका थिए । आई एन.एफ नेपालको एक दर्जन टोलीले शिविरमा खटिएको थियो ।



पोखरामा जारी दसौं संस्करणको 'नेपाल लिटरेचर फेस्टिभल'मा राखिएको पुस्तक प्रदर्शनीमा पुस्तक छान्दै पाठक । तस्बिर : रामबहादुर थापा/रासस

# कोनमा शेयर सदस्यलाई सहकारी शिक्षा कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ९ पुस

पोखरा महानगरपालिका वडा नं १३ स्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.ले आफ्नै भवनको सभाहलमा समुदायमा कोन सहकारी शिक्षा कार्यक्रम हालै सम्पन्न भयो ।



शिक्षा उप समितिको आयोजनामा कार्यक्रम भएको हो । कार्यक्रममा सिग्देलमार्ग, जय नेपाल मार्ग, विपी मार्ग, संगम मार्ग टोल र भद्रकाली मार्गमा रहेका शेयर सदस्य, कर्मचारी र सहकारी संचालक समितिका सदस्यहरुको सहभागीता रहेको थियो । कार्यक्रममा कोन सहकारीका महाप्रवन्धक सुजता हमालले प्रशिक्षक दिएकी थिइन । सहकरीको भनेको के हो ? सहकारीको महत्व वारे महाप्रवन्धक हमालले जानकारी दिइन् । त्यसैगरी कोन सहकारीले गरेका क्रियाकलाप वारे शेयर सदस्यहरुलाइ हमालले वताइन् । कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तीर्थ वहादुर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षा उप समितिका सदस्य गोविन्द प्रसाद सिग्देलले स्वागत र शिक्षा उप समिति संयोजक खड्क वहादुर गुरुङले संचालन गरेका थिए ।

# गण्डकी प्रदेशस्तरीय भलिबल : उपाधिका लागि बागलुङ र स्याङ्जा भिड्ने

पोखरापत्र संवाददाता
पोखरा, ९ पुस

पोखरामा जारी गण्डकी प्रदेशस्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधिका लागि स्याङ्जा र बागलुङ भिड्ने भएका छन् ।

गण्डकी प्रदेश भलिबल सङ्घको आयोजनामा यही पुस ६ देखि पोखरा रङ्गशालास्थित भलिबल कोर्टमा जारी प्रतियोगिताको आज सम्पन्न सेमिफाइनलमा खेलमा बागलुङले कास्की र स्याङ्जाले नवलपुरलाई हराउँदै फाइनलमा प्रवेश गरेका छन् । पहिलो सेमिफाइनल खेलमा बागलुङले ३-१ को सेटमा कास्कीलाई पराजित गऱ्यो । कास्कीले पहिलो सेट २५-१६ ले जितेर आफ्नो पक्षमा पार्न सफल भए पनि लगातार तीन सेट गुमाउँदै बागलुङसँग पराजित भएको हो । बाग्लुङले दोस्रो सेट २५-२०, तेस्रो सेट २६-२५ र चौथो सेट २५-२० ले जित्दै फाइनलमा पुगेको हो । दोस्रो सेमिफाइनलको पहिलो सेटको खेल २५-२२ ले जितेको नवलपुरले दोश्रो र तेस्रो सेट २५-२० र २५-२० ले स्याङजालाई सुम्पियो । तर नवलपुर चौथो सेटमा उत्कृष्ट पुनरागमन गर्दै २५-१७ ले आफ्नो पक्षमा पार्दै स्याङ्जालाई दवाबमा राख्ने प्रयास गरेको थियो । तर अन्तिम तथा निर्णायक सेटमा स्याङ्जाले १५-७ ले खेल जित्दै फाइनलमा बागलुङको भेट पक्का बनायो । प्रतियोगिताको तेस्रो स्थान र फाइनल खेल भोलि हुने सङ्घका महासचिव टहलसिंह थापामगरले जानकारी दिनुभयो । उपाधि विजेताले नगद रु दुई लाख, उपविजेताले नगद रु एक लाख, तेस्रो हुने टोलीले रु ५० हजार र चौथो हुने टोलीले रु २५ हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान प्राप्त गर्नेछन् । प्रतियोगितामा सर्वोत्कृष्ट हुने एक जना खेलाडीले नगद रु २० हजारका साथमा ट्रफी र मेडल प्राप्त गर्ने आयोजकले जनाएको छ । उत्कृष्ट सेटर, उत्कृष्ट लिव्रो, उत्कृष्ट सर्भर, उत्कृष्ट ब्लकर, उत्कृष्ट स्पाइकर र उत्कृष्ट प्रशिक्षकलाई जनही नगद रु १०/१० हजार प्रदान गरिनेछ ।

नेपाल भलिबल सङ्घ र कास्की जिल्ला भलिबल सङ्घको व्यवस्थापन, प्रदेश खेलकुद परिषद गण्डकीको समन्वयमा प्रतियोगिता सञ्चालन भएको । प्रतियोगिताबाट बचत रकमबाट महिला भलिबल खेलाडी उत्पादनका लागि एकेडेमी सञ्चालन गर्ने लक्ष्य राखिएको छ । प्रतियोगितामा मनाङ र मुस्ताङबाहेक गण्डकी प्रदेशका नौ जिल्लाको सहभागिता छ ।

# पोखरामा...

विश्वमै छ सय मिटरको सबै भन्दा भिरालो (स्टिपेष्ट) जिपलाइन रहेको कम्पनीले विश्व रेकर्डको सर्टिफिकेट प्राप्त गरेको निर्देशक मानन्धरले बताउनुभयो ।

सो प्रमाणपत्र प्राप्त गरेसँगै कम्पनीको प्रवर्द्धनका लागि सघाउ पुग्ने बताइन्छ । हाइग्राउण्ड एडभेञ्जरले एक दशकअघिदेखि पोखरामा जिपलाइन सुरु गरेको हो । सो कम्पनीले हाल साहसिक पर्यटकलाई लक्षित गरी जिपलाइन, बञ्जी, स्विङ र एटिभी ड्राइभ सञ्चालन गरिरहेको छ ।

पोखरामा पछिल्लो समय साहसिक पर्यटकीय गन्तव्य थपिँदै जाँदा पर्यटकको बसाइ अवधि बढाउन सहयोगी भएका छन् । पहिलोपटक साहसिक खेल प्याराग्लाइडिङबाट साहसिक पर्यटकीय गन्तव्य सुरु भएको यहाँ जिपलाइन, बञ्जीसँगै क्यानोनिङलगायतले पर्यटकलाई मनोरञ्जन प्रदान गरिरहेका छन् ।

# स्ववियु निर्वाचन फागुन २८ गते गर्ने त्रिविको तयारी

रासस
काठमाडौं, ९ पुस

त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन आगामी फागुन २८ गते तयारी गरेको छ ।

त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले त्रिवि पदाधिकारी, विभाग, संस्थान, नौ वटै सङ्कायका डीन र परीक्षा नियन्त्रकसँगको छलफलमा आगामी फागुन २८ गते नै तय गर्ने गरि त्रिवि अगाडि बढेको बताउनुभयो ।

"हामीले त्रिवि पदाधिकारी, नौवटै सङ्कायका डीन र परीक्षा नियन्त्रकसँग स्ववियु निर्वाचन गर्नका लागि उपयुक्त मितिका लागि छलफल गर्‍यौँ", उहाँले भन्नुभयो, "परीक्षा र भर्नालगायत सबै प्रक्रिया सकिने भएकाले नै स्ववियु निर्वाचन गर्ने फागुन २८ गते हामीलाई उपयुक्त समय लागेको छ, हामी सोही मितिको प्रस्ताव विद्यार्थी सङ्गठनसँग गर्छौं ।" स्ववियु निर्वाचनको मिति प्रस्ताव गर्नका लागि यही पुस ११ गते विद्यार्थी सङ्गठनका अध्यक्षको बैठक बोलाइएको छ । निर्देशनालयका निर्देशक अधिकारीले उक्त मितिका लागि त्रिवि पूर्ण तयार भइसकेकोले विद्यार्थी सङ्गठनसँग छलफल गरिने बताउनुभयो । उहाँले भन्नुभयो, "विद्यार्थी सङ्गठनले उक्त मितिमा सहमति जनाए हामी निर्वाचनको मिति घोषणा गरेर निर्वाचन प्रक्रियामा जान्छौँ ।" त्रिविले स्ववियु निर्वाचन गर्न पटकपटक पहल गरे पनि हुन सकेको छैन । विद्यार्थी सङ्गठनले फागुन २८ गते सहमति गरे भने विद्यार्थी कल्याण परिषद् बैठकले मिति तोक्नका लागि त्रिवि कार्यकारी परिषद्मा सिफारिस गर्नेछ । त्यसपछि त्रिविको कार्यकारी परिषद्को बैठकले स्ववियु निर्वाचनको मिति घोषणा र स्ववियु निर्वाचन केन्द्रीय अनुगमन समन्वय समिति बनाउने उहाँले जानकारी दिनुभयो । त्रिविका क्याम्पसमा विगत एक दशकदेखि स्ववियु निर्वाचन हुन सकेको छैन । प्रत्येक दुई/दुई वर्षमा हुने निर्वाचन २०६५ साल यता नियमित हुन सकेको छैन । विसं २०६५ चैत ६ गतेपछि एकै पटक आठ वर्षमा विसं २०७३ चैत १५ गते भएको थियो । त्यतिबेला देशभरि त्रिविका ६२ आङ्गिक क्याम्पसमध्ये रत्नराज्य क्याम्पस (आरआर), जनप्रशासन क्याम्पससहित उपत्यकामा नौ आङ्गिक र उपत्यका बाहिर १७ क्याम्पसमा मात्र स्ववियु निर्वाचन भएको थियो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेता दुबी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# प्रधानमन्त्रीमा दोहोरो दावी

चुनाव अघि गठबन्धन १५/ २० वर्ष कायम रहने भन्दै आएका नेताहरू पहिलो प्रधानमन्त्री नपाए सहकार्य टुट्ने धम्की दिन थालेका छन । गठबन्धन दलका नेताहरू कांग्रेस सभापति शेर बहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल बीच को पहिला प्रधानमन्त्री बन्ने भन्नेमा विवाद छ । गठबन्धन दलबीच के काम गर्ने सहमति गरेपछि मात्र को उपयुक्त हुन्छ भन्ने चासो नदिदा दुवै नेताआफु अनुकूल माहौल बनाउन लागेका छन । कांग्रेस सभापति देउवाले कांग्रेस सांसदहरूको हस्ताक्षर संकलन गरेका ना।ध

सरकार गठनबारे छलफल गर्न बसेको सत्तारुढ गठबन्धनका शीर्ष नेताको बैठक निष्कर्षबिहीन भएको छ । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा सत्ता गठबन्धनको बैठक शनिवार अपराह्न बसेको बैठकमा सहमति नजुटेपछि निष्कर्षबिहीन भएको छ। नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाका शीर्ष नेता सहभागी थिए । शनिवारको बैठकमा दोस्रो तहका पनि केही नेताहरू सहभागी भएका थिए । शनिवारको बैठकमा पनि मुख्यगरी प्रमुख दल नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रले सरकारको नेतृत्वमा दाबी कायम राखेकाले सहमति नभएको प्रचार गगरिएको छ ।

शनिबारको बैठकमा सहमति नभएकाले आइतबार पुनः छलफल गर्ने गरी आजको बैठक सकिएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिएका छन । उनले सरकार भने सत्ता गठबन्धनकै बन्ने दाबी गरे । आइतवारको बैठकमा सहमति हुने र सरकार गठबन्धनकै बन्ने कांग्रेसको दाबी छ ।

सरकार गठनका लागि दाबी पेश गर्न राष्ट्रपति विद्यादेवी भण्डारीले दिएको समय (पुस १० गते) अपरान्ह ५ बजे सकिँदैछ । त्यसअघि नै कुनै प्रतिनिधिसभा सदस्यले आफ्नो पक्षमा बहुमत पुऱ्याएर राष्ट्रपतिसमक्ष दाबी पेश गर्नुपर्ने भएकाले सत्तारुढ दलले छलफललाई तीव्र बनाएका छन् । सत्ता गठबन्धनमा सरकारको नेतृत्वको विषयमा सहमति कायम हुन सकेको छैन । राष्ट्रपति र प्रधानमन्त्री दुवै पदमा नेपाली कांग्रेसले दाबी गरिरहेको छ ।

नेकपा माओवादी केन्द्रले पनि सरकारको नेतृत्व आफूले पाउनुपर्ने दाबी गरिरहेको छ । दुवै दलले प्रधानमन्त्रीमा दाबी गरेकाले सहमति कायम हुन नसकेको हो । सत्ता गठबन्धनमा आलोपालो सरकारको नेतृत्व गर्ने बारेमा पनि छलफल भइरहेको छ। यद्यपि ठोस निष्कर्षमा पुग्न भने सकेको छैन। काङ्गेस सभापति देउवा र प्रचण्डबीच लेनदेन नमिलेसम्म गठबन्धन सहमति जुटाउने काम लम्बिनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# हल्का वर्षा र हिमपातको सम्भावना

पोखरापत्र संवाददाता
पोखरा, ९ पुस

पश्चिमी वायुको प्रभावले देशका अधिकांश स्थानमा बदली गराउनुका साथै पूर्वी भेगका केही स्थानमा हल्का वर्षा तथा हिमाली भू-भागमा हल्का हिमपातको सम्भावना रहेको छ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका मौसमविद् मञ्जुवासीका अनुसार पश्चिमी वायुको प्रभावले बदली गराएको छ। पहाडी भेगका केही स्थानमा वर्षाको सम्भावना रहेको छ भने हिमाली तथा उच्च पहाडी भेगमा हल्का हिमपातको सम्भावना छ। शुक्रबार बेलुकीदेखि नेपाल प्रवेश गरेको पश्चिमी वायुको प्रभाव आइतबारदेखि क्रमशः बाहिरिने मौसमविद्वासीले उल्लेख गर्नुभयो । महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा अहिले प्रदेश १, मधेस प्रदेश र बागमती प्रदेशमा आंशिकदेखि सामान्य बदली रहेको छ । प्रदेश १, मधेस प्रदेश, बागमती र लुम्बिनी प्रदेशका केही स्थानमा हल्का वर्षा तथा हिमाली भू-भागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना छ। रातिको समयमा प्रदेश १, गण्डकी र कर्णाली प्रदेशका हिमाली भू-भागका केही स्थानमा हल्क हिमपातको सम्भावना छ । अहिले काठमाडौँको तापक्रम १६ डिग्रिसेल्सियस रहेको छ।

# क्रिसमसमा पुस १० गते प्याराडिसो स्पोर्टस् बारमा सविन राई सांगितिक साँझ

पोखरापत्र संवाददाता
पोखरा, ९ पुस

पोखराको लेकसाइडमा रहेको प्याराडिसो स्पोर्टस् बार एण्ड ग्रिलले क्रिसमसलाई लक्ष्त गरेर गायक सविन राईको विशेष साङगितिक साझँको आयोजना गरेको छ।

क्रिसमको अवसरमा पुस १० गते आइतबार विशेष कार्यक्रमको आयोजना गरेको प्याराडिसो स्पोर्टस् बार एण्ड ग्रिलका म्यानेजर हरी पौडेलले जानकारी दिए। आइतबार साँझ सविन राई र उनको ब्याण्ड 'द फेरोह' युवा युवतीलाई नचाउने छन् । सबिन राई निकै लोकप्रिय गायक तथा गीतकार हुन् । उनका तिमि नै हौ, म संसार जित्ने, दिन र रात, मलाई अंगालिदेउ, जाउकी बसु, कोमल त्यो तिम्रो, सधै तिमि मेरो लागयतका गीतहरु चर्चित छन् । उनलाई स्टेज प्रस्तुतीहरु निकै रोचक हुने गर्दछन् । उनले सन् १९९२ बाट नेपाली सांगितक दुनियामा आएका हुन् । प्रबेशका लागि एक हजार र १ हजार ५ सयको टिकट रहेको उनले बताए । निःशुल्क रुपमा अग्रिम टेवल बुकिङको पनि व्यवस्था रहेको उनको भनाई छ।

'फुड, ड्रिङ्क र म्युजिक' स्लोगन सहित खेलकुद तथा परिवारीक वातावरण जोडएको पौडेलले बताए। पोखरा आएका धेरै पर्यटकलाई क्रिसमको अवसरमा मनोरञ्जन दिन उद्देश्यले कार्यक्रमको आयोजना गरेको उनले बताए। बार भित्रको फराकिलो क्षेत्र रहेको र जहाँ जुनसुकै ठाउँमा बसेर पनि टेलिभिजन मार्फत महत्वपूर्ण खेलकुदका प्रत्यक्ष प्रशारण हेर्दै साङगितीक रमाइलो लिन पाइने उनले बताए । उनले बार भित्रै पुल टेबल, डार्ट गेम, चेस लगाएतका खेलहरु खेल्ने समेत व्यवस्था मिलाएको छ।

उनले बारमा जन्मदिन, म्यारीज एनिभसरी, संस्थाका एनिभसरी, प्राइभेट पार्टी गर्नका लागि समेत विषेश व्यवस्था मिलाएको बताए । उनले बारमा फन्ट, बालकुन्नी, फेवाफन्ट लगाएका ठाउँमा बसेर 'फुड, ड्रिङ्क र म्युजिक' रमाउन पाइने उल्लेख गरे।

# बङ्गुर बिक्री नहुँदा व्यवसायी चिन्तित

पोखरापत्र संवाददाता
वालिङ, ९ पुस

बङ्गुर बिक्री नहुँदा यहाँका व्यवसायी चिन्तित छन् । स्याङ्जा वालिङ-९ पिपलटारीस्थित इन्द्रेणी बङ्गुर फार्ममा बिक्रीका लागि तयारी अवस्थामा माउ तथा पाठापाठी छन् तर बजार नपाउँदा समस्या आएको हो।

कोभिड-१९ को महामारीसँगै गरिएको बन्दाबन्दीपछि यहाँ उत्पादन भएका बङ्गुर बिक्री हुन छाडेका फार्मका सञ्चालक भीम लुइँटेलले बताउनुभयो । पहिला पहिला देशका विभिन्न ठाउँबाट पाठापाठीको माग अत्यधिक हुने र पुऱ्याउनै धौधौ हुने गरेकोमा पछिल्लो समय बिक्री नभएर माउ तथा पाठापाठी पाल्नुपर्ने बाध्यता आइपरेको हो।

त्यहाँ माउ र पाठापाठी गरी एक हजार तीन सय वटा छन् । "पाठापाठी बिक्री भएनन्, बिक्री नभएपछि राख्ने ठाउँ भएन", उहाँले भन्नुभयो, "राख्ने ठाउँको अभाव, दानापानी तथा औषधि उपचार अभावले गर्दा चार सयको हाराहारीमा पाठापाठी मरिसकेका छन् ।"वैदेशिक रोजगारीको सिलसिलामा युएईमा काम गर्नुभएका उहँले घर फर्केर २०७१ सालमा फार्मको सुरुआत गर्नुभएको हो । सुरुआती चरणमा ब्राह्मणको छोराले बङ्गुर पाल्यो भनेर खिसी गर्नेहरू पछिल्लो समय प्रशंसकसमेत बने । फर्मको सुरुआती चरणदेखि हालसम्म रु नौ करोड लगानी भइसकेको उहाँले बताउनुभयो। तयारी भएका माउ तथा पाठापाठी बिक्री नभएपछि पाल्नुपर्दा थप लगानी बढेको छ। अहिले सात सय वटा बिक्रीको तयारीमा छन् । "पहिला तयार भएका माउ तथा पाठापाठी बिक्री भई आम्दानी हुन्थ्यो, त्यही आम्दानी दानापानी तथा औषधिमा खर्च गरिन्थ्यो", उहाँले भन्नुभयो । तयारी अवस्थाका माउ तथा पाठापाठी बिक्री भएमा न्यूनतम रु दुई करोड आम्दानी हुने अनुमान उहाँको छ । यता माउ तथा पाठापाठी बिक्री हुँदैनन् उता उल्टै दानापानी तथा औषधि उपचारमा मासिक रु २० लाख घाटा लाग्ने दाबी व्यवसायी लुइँटेलको छ । उहाँ आफैँले फ्रेस हाउस सञ्चालन गर्नुभयो तर त्यहाँ पनि सन्तोषजनक मासु बिक्री भएन । पाठापाठी बाहिरी जिल्लामा बिक्री हुँदै आएकामा पछिल्लो समय माग आउन छाडेको छ।

# २४ औं भदौरे पञ्चासे महोत्सव सुरु

पोखरापत्र संवाददाता
पोखरा, ९ पुस




कास्कीको अन्नपूर्ण गाँउपालिकामा अवस्थित सुन्दर पर्यटकिय गाँउ भदौरेमादेखि '२४ औं भदौरे पञ्चासे महोत्सव' शुरु भएको छ।

११ गतेसम्म सञ्चालन हुने महोत्सवमा तमु ल्होसार तथा गाउँपालिका स्तरिय फुटबल प्रतियोगिता समेत हुनेछ । भदौरे क्लब र भदौरे आमा समूहको आयोजनामा हुने महोत्सवमा विशेष सहयोगिको भुमिका अन्नपूर्ण गाउँपालिकाले निर्वाह गरेको छ । महोत्सवको उद्घाटन आज अन्नपूर्ण गाउँपालिका अध्यक्ष विष्णु बहादुर केसीले गर्नेछन् भने समापन तथा पुरस्कार वितरण कार्यक्रममा प्रमुख अतिथिको रुपमा गण्डकी प्रदेशका सांसद प्रकाश बरालले रहने आयोजकले जनाएको छ । महोत्सवलाई भव्यरुपमा सम्पन्न गर्नका लागि सबै तयारी पुरा भएको महोत्सव संयोजक मन बहादुर गुरुङले जानकारी दिए । आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्न विभिन्न साँस्कृतिक कार्यक्रम राखिएको भदौरे क्लवका अध्यक्ष जिवन गुरुङले बताए। 'महोत्सव अवलोकन गर्न आउनेलाई मनोरञ्जन गराउनका लागि साँस्कृतिक कार्यक्रमका साथमा विशेष नृत्य प्रस्तुत गर्नेछौं। सुन्दर गाँउ अवलोकन गरि यसै ठाउँमा बस्न चाहनेका लागि होमस्टेको समेत व्यवस्था रहेको छ।' -उनले भने। स्थानीय स्तरमा उत्पादित परम्परागत प्राङ्गारिक खानाका परिकार तथा कोदोको परिकारहरुको स्वाद महोत्सवमा लिन पाइने क्लवका अध्यक्ष गुरुङले बताए। महोत्सवको मुख्य आकर्षण फुटबल प्रतियोगितामा प्रथम हुने टिमले नगद ५५ हजारका साथमा सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने दोश्रो हुने टिमले नगद ३५ हजार रुपैयाका साथमा सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ । प्रतियोगितामा १८ टिमको सहभागिता रहेको समेत आयोजकले जनाएको छ।

पर्यटक आवासको लागि गाँउमा होटेल तथा होमस्टेहरु सञ्चालित रहेका छन्। अन्नपूर्ण गाउपालिका वडा नं. ४ मा रहेको भदौरे गाउँ पोखरा देखि ३० किलोमिटर पश्चिममा रहेको छ। पञ्चासेको काखमा रहेको सो गाँउ आन्तरिक र वाह्य पर्यटकको एक आकर्षक स्थल पनि हो। शितल हावापानी रहेको सो मनमोहक गाँउ प्रकृतिक सुन्दरताले भरिभराउ छ । सैयौं प्रजातिका सुनाखरि पाइने प्रसिद्ध पञ्चासे संरक्षित वनको ठुलो क्षेत्र यसै गाँउमा पर्दछ। पञ्चासे पुग्ने प्रवेशद्वारको रुपमा पनि सो गाँउलाइ चिनिन्छ । मेला स्थलबाट अन्नपूर्ण हिम श्रृंखला अन्तरगत निलगिरी, धौलागिरि, माछापुछ्रे लगाएतका हिमालहरु नजिकै प्रस्टरुपमा देख्न सकिन्छ।

# लमजुङमा राष्ट्रकवि घिमिरेको शालिक निर्माण गरिने

रासस
काठमाडौं, ९ पुस

मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानले लमजुङको गाउँसहरस्थित लमजुङ माध्यामिक विद्यालय प्राङ्गणमा राष्ट्रकवि माधवप्रसाद घिमिरेको पूर्णकदको शालिक निर्माण गर्ने भएको छ।

प्रतिष्ठानको शनिबार सम्पन्न '२१औँ साधारणसभा तथा अधिवेशन'का अवसरमा आयोजित कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष डा बमबहादुर थापा 'जीताली'ले गाउँसहरस्थित लमजुङ माविको प्राङ्गणमा शालिक राख्न राष्ट्रकविको पूर्णकदको शालिक निर्माण भइरहेको बताउनुभयो।

"लमजुङ दरबारलाई पर्यटकीय र साहित्यिक थलोका रूपमा विकास गर्न पूर्णकदको शालिक निर्माण भइरहेको छ, चाँडै नै उक्त शालिकको अनावरण गर्छौं", उहाँले भन्नुभयो। प्रतिष्ठानका पूर्वअध्यक्षद्वय सोमकान्त अधिकारी र डा देवी सुवेदीले लमजुङमा छरिएर रहेका साहित्यिक प्रतिभालाई प्रतिष्ठानले खोजेर लमजुङको साहित्यिक अभियानलाई थप अगाडि बढाउनुपर्ने बताउनुभयो।

वरिष्ठ पत्रकार एवं प्रतिष्ठानका संस्थापक सदस्य सोमनाथ घिमिरेले राष्ट्रकवि माधवप्रसाद घिमिरेको अभाव मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानलाई खड्किरहेको बताउनुभयो । नवोदित कलेजका प्राचार्य राजेन्द्र अधिकारीले नयाँ विद्यार्थीलाई समेत साहित्यिक क्षेत्रमा सङ्लग्नगरी साहित्यिकअभियानलाई थप अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । प्रतिष्ठानको शनिबार सम्पन्न २१औँ साधारणसभा तथा अधिवेशनबाट साहित्यकार विजयराज न्यौपानेको अध्यक्षतामा नौ सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित गरेको छ । प्रतिष्ठानको उपाध्यक्षमा साहित्यकार भाग्यशाली अधिकारी, सचिवमा श्रीकृष्ण न्यौपाने र कोषाध्यक्षमा लक्ष्मण थापा चयन हुनुभएको छ । यस्तै सदस्यमा कृष्ण अधिकारी, रामप्रसाद घिमिरे, अच्युत रेग्मी, अञ्जना पौडेल र यामबहादुर दुरा चयन हुनुभएको निर्वाचन समितिका सदस्य रामरञ्जन घिमिरेले जानकारी दिनुभयो।

नेपाली भाषा, साहित्य, कला, संस्कृति, ज्ञान विज्ञान, शिल्प एवं प्रविधिको अध्ययन अनुसन्धान तथा मौलिक सिर्जना संरक्षणका लागि विसं २०५३ चैत २९ मा मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानको स्थापना भएको हो।

# चाडपर्वबाट राष्ट्रिय एकता कायम गर्न योगदान : प्रदेश प्रमुख गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, ९ पुस

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले हाम्रा विविध चाडपर्वले राष्ट्रिय एकता कायम गर्न योगदान दिने बताउनुभएको छ।

इसाई धर्मावलम्बीहरूको महान् पर्व 'क्रिसमस डे'का अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै उहाँले नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक एवं भौगोलिक विविधतायुक्त रहेको उल्लेख गर्नुभएको छ । हाम्रो देश संविधानतः धर्मनिरपेक्ष राष्ट्र घोषणा भएको सन्दर्भ उल्लेख गर्दै उहाँले यस्ता धार्मिक उत्सव एवं चाडपर्वहरूले विविध सांस्कृतिक पहिचान बोकेका समुदायबीच आपसी सद्, सहिष्णुता र ऐक्यबद्धताको भावना अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । जिसस क्राइस्टको जन्मदिनको उपलक्ष्यमा विश्वका इसाई धर्मका अनुयायीहरूले हरेक वर्षको डिसेम्बर २५ तारिखको दिनलाई धार्मिक सांस्कृतिक उत्सवका रूपमा 'क्रिसमस डे' मनाउने गरिएको सन्देशमा भनिएको छ।

यस पर्वले विविध धर्म संस्कृति मान्ने सम्पूर्ण नेपालीका बीच आपसी सद्भाव सामाजिक एकता र भातृत्व कायम गर्ने उहाँले अपेक्षा गर्नुभएको छ।

# पुस ३० गते मगर सांस्कृतिक उत्सवको तयारी

पोखरापत्र संवाददाता
पोखरा, ९ पुस

नेपाल मगर सांस्कृतिक संघ, कास्कीको आयोजनामा यही पुस ३० गते असहाय तथा विपन्न नागरिकको सहयोगार्थ "मगर सांस्कृतिक उत्सव-२०७९" हुने भएको छ।

पोखरा सभागृहमा हुने उत्सवमा स्थापित कलाकारहरू ज्योति मगर, कुमार पुन, गीता पाइजा, नवीन रानालगायतका कलाकारहरूले सांगीतिक प्रस्तुती राख्ने अध्यक्ष सरिता सारूमगरले जानकारी दिनुभयो । अध्यक्ष सारूमगरका अनुसार उत्सवमा मगर जातिमा प्रचलित कौरा, सोरठी, घाँटु, भ्याउरेलगायतका मौलिक नृत्य समेत प्रस्तुत हुनेछन् । कार्यक्रममा वरिष्ठ गायिका एवं अभिनेत्री कविता आले र पत्रकार रूद्रबहादुर श्रीसलाई सम्मान गरिने सचिव वसन्ती थापामगरले जानकारी दिनुभयो । सांगीतिक क्षेत्रमा महत्वपूर्ण योगदान गरेको भन्दै वरिष्ठ गायिका आले र पत्रकारिता क्षेत्रमा योगदान गरेको पुऱ्याएको भन्दै पत्रकार श्रीसलाई सम्मान गर्न लागिएको सचिव थापामगरले बताउनुभयो । उत्सवलाई सफल बनाउन विभिन्न उपसमिति निर्माण गरी तयारी तीव्र पारिएको उहाँले जानकारी दिनुभयो । कार्यक्रम सम्पन्न गर्न १० लाख खर्च हुने अनुमान गरिएको भन्दै थापामगरले १५ लाख आम्दानी गर्ने लक्ष्य राखिएको समेत जानकारी दिनुभयो । कार्यक्रमबाट खर्च कटाएर बचेको रकमबाट अक्षयकोष स्थापना गरी असहाय तथा विपन्न नागरिकका लागि खर्च गरिने अध्यक्ष सारूमगरले जानकारी दिनुभयो।

# मंसिरभित्र ८३ प्रतिशत योजना सम्झौता

रासस
गण्डकी, ९ पुस

आर्थिक वर्ष घर्कने बेलातिर बल्ल काम थाल्ने प्रवृत्ति हटाउन बागलुङ नगरपालिकाले योजना तथा बजेट कार्यान्वयनमा कडाइ गरेको छ ।

साउनदेखि नै चालू आवको बजेट कार्यान्वयन सुरु गर्ने नीतिगत प्रबन्ध गरेको नगरपालिकाले गत मङ्सिर मसान्तभित्र ८२ दशमलव ७७ प्रतिशत योजना सम्झौता गर्न सफल भएको छ ।

कूल पाँच सय ६९ स्वीकृत योजनामध्ये चार सय ७१ सम्झौतापछि कार्यान्वयनको चरणमा छन् । यस्तै ३१ योजनाको भने काम सकिए फरफराक भइसकेका छन् । बाँकी रहेका ९७ योजना पुस तेस्रोसातासम्म सम्झौता भइसक्ने नगरको योजना अनुगमन तथा सिफारिस समितिका सदस्यसचिव इन्जिनियर त्रिलोचन गिरीले जानकारी दिनुभयो ।"योजना कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन सम्झौताका लागि समयसीमा नै तोकेपछि यो वर्ष धेरै योजनाको काम बेलैमा अघि बढेको छ", उहाँले भन्नुभयो, "यसले कामको गुणस्तरदेखि अनुगमन र भुक्तानी प्रणालीलाई पनि चुस्त बनाउँछ ।" अन्तिम समयतिर काम हुँदा विगतमा सोचे जसरी योजनाको मूल्याङ्कन र नापजाँच गर्न पनि कठिनाइ हुने गरेको इन्जिनियर गिरीले बताउनुभयो । जेठ-असार लागेपछि बल्ल योजनाका काम लिएर नगरपालिका धाउने प्रवृत्ति अब हट्ने उहाँको भनाइ छ । चैत-वैशाखभित्रै सबै योजनाको फरफराक गर्न नगरपालिकाले उपभोक्ता समिति र निर्माण व्यवसायीलाई सचेत गराएको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटाले तोकिएको समयभित्र सम्झौता नभएका र खरिद प्रक्रियामा नगएका ससर्त तर्फका योजना बाहेकको बजेट स्थानीय सञ्चित कोषमा जाने बताउनुभयो ।उहाँले चालू आवको स्वीकृत नीति, कार्यक्रम र बजेटमा सो प्रावधान राखिएको उल्लेख गर्नुभयो । हिउँदे अधिवेशनबाट स्वीकृत भएका र ससर्ततर्फका योजना पनि फागुन मसान्त भित्रैमा सम्झौता गरिने सापकोटाले बताउनुभयो ।

"योजना सम्झौता ढिलो हुने, आर्थिक वर्षको अन्त्यमा काम गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न कार्यान्वयन प्रणालीलाई व्यवस्थित गर्न लागिएको हो", उहाँले भन्नुभयो, "यसबाट नगरपालिकाको सेवा प्रवाहमा पनि सकारात्मक टेवा पुग्छ ।"योजना कार्यान्वयनलाई सहज बनाउन नगरपालिकाले गत साउनमा घुम्ती शिविर गरेर वडा तहबाटै योजना सम्झौता थालेको थियो । शिविर चलेपछि योजना सम्झौताका लागि नगरपालिका कार्यालय धाउनुपर्ने बाध्यता हटेको थियो । नगरपालिकाका उपप्रमुख राजु खड्काले सेवा प्रवाहलाई छरितो र चुस्त बनाउन आफूहरु लागिपरेको बताउनुभयो ।

समयमै बजेट तथा कार्यक्रम कार्यान्वयन हुन नसक्ने र योजना अलपत्र पर्ने स्थिति आउन नदिइने उहाँको भनाइ छ । "नगरपालिकाको सत्प्रयासमा उपभोक्ताको पनि सहयोगको खाँचो छ", उहाँले भन्नुभयो, "योजनाको काम समयमै र गुणस्तरीय ढङ्गले गर्न आवश्यक छ, हतारो र चापमा काम गर्दा समस्या निम्तने गरेको छ ।" नगरपालिकामा वडास्तरीय तीन सय ६३, नगरस्तरीय एक सय ३३, सङ्घ र प्रदेशका २ ९, बोलपत्रमार्फत सञ्चालन हुने २९ र राष्ट्रपति शैक्षिक सुधारतर्फ विद्यालय पूर्वाधारका १५ योजना सञ्चालित छन् । निर्माण व्यवसायीबाट काम हुने योजनामध्ये १३ निर्माणाधीन अवस्थामा रहेको र पाँच योजनाको काम सुरु हुन बाँकी रहेको नगरपालिकाले जनाएको छ ।



पोखरा-२५ हेम्जामा हाइग्राउण्ड एडभेञ्चर नेपालले सञ्चालनमा ल्याएको बञ्जीमा रमाउँदै पर्यटक । तस्बिरः कृष्ण दवाडी

# युआरएल दमौलीको स्थापना दिवस

पोखरापत्र संवाददाता
पोखरा, ९ पुस

तनहुँको सदरमुकाम व्यास नगरपालिकाको दमौलीमा रहेको युआरएल दमौलीले शुक्रबार एक समारोहबीच स्थापना दिवस मनाएको छ । पोखराको सभागृहचोकमा रहेको युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि( युआरएल)ले ७ वर्षअघि दमौलीमा शाखा खोलेको थियो ।

कार्यक्रममा व्यास नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले गुणस्तरीय ल्याब, अस्पतालहरुको स्थापना र सेवाले जनस्वास्थ्यको क्षेत्रमा जनताको पहुँच बढ्दै गएको बताए । दमौली अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा राजु नानामगरले युआरएल जस्ता ल्याबको स्थापनाले रोगको निदानमा सहज भएको बताए । युआरएल गण्डकी प्रदेशको पहिलो रेफरेन्स ल्याब हो । यसले गण्डकी प्रदेशका १० स्थानमा शाखा र ४ स्थानमा सेवा केन्द्र खोलेर सेवा दिइरहेको छ । कार्यक्रममा युआरएलका प्रबन्धन निर्देशक गणेशप्रसाद कोइराला, युआरएलका निर्देशक डा वसन्त पंगेनी, मेडिकल बयोकेमिस्ट भूपेन्द्रराज रेग्मी, नेपाल औषधी व्यवसायी संघ तनहुँ शाखा अध्यक्ष राजु दाहाल, नेसनल अपोलो अस्पताल दमौलीका अध्यक्ष चूडामणि दाहाल लगायतले बोलेका थिए । युआरएलका अध्यक्ष अध्यक्ष ठाकुरप्रसाद पन्तले आफूहरु गण्डकीका बासिन्दालाई रक्त परीक्षणमा आत्मनिर्भर बनाउने प्रयत्नमा लागेको बताए । उनले भने, 'प्रदेशको पहिलो र अग्रणी ल्याब भएको नाताले, एकमात्र आइएसओ सर्टिफाई ल्याब भएको नाताले हामीले यो क्षेत्रको अगुवाइ गर्नैपर्छ ।' सामाजिक उत्तरदायित्व वहन गर्दै युआरएलले प्रदेशबासीलाई स्थानीय ठाउँमै सेवा दिने लक्ष्य लिएको उनले सुनाए ।

# चिसोले पूर्वाधार निर्माणमा समस्या

रासस
मनाङ, ९ पुस

चिसो बढ्दै गएपछि हिमाली जिल्ला मनाङमा विकास निर्माणका कार्यमा समस्या भएको छ । चिसो बढेसँगै माथिल्लो मनाङको विभिन्न पूर्वाधार निर्माणमा बाधा पुगेकोहो ।

गत वर्ष निरन्तरको वर्षाले क्षति पुऱ्याएको भौतिक संरचना निर्माणका कार्य रोकिएको पूर्वाधार कार्यालयले जनाएको छ । विशेषगरी माथिल्लो मनाङको सडक, पुल, जलविद्युत् लगायत विकास निर्माणका काम रोकिएका प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताउनुभयो । "सदरमुकाम चामे, नासों गाउँपालिका क्षेत्रमा केही निर्माण भइरहेको छ । तर डिस्याङ र नार्पाभूमि गाउँपालिकामा विकास निर्माण तथा पूर्वाधारको कार्य रोकिएको छ", उहाँले भन्नुभयो । चिसोका कारण अहिले जिल्लाका चामे, नासों, नार्पाभूमि र डिस्याङ गाउँपालिकामा विकास निर्माणको काम गर्न नसकिएको पूर्वाधार विकास कार्यालयका इन्जिनियर जय विष्टले बताउनुभयो । "हिउँका कारण माथिल्लो मनाङतर्फको पूर्वाधार निर्माणका काम गर्न कठिन छ । यहाँको काम वर्षमा जम्माजम्मी तीन महिना मात्रै हुन्छ", उहाँले भन्नुभयो । मनाङको मेरुदण्डका रुपमा रहेको चामे-बेँसीसहर सडक खण्डको निर्माण कार्य पनि मौसम प्रतिकूलताका कारण रोकिएको उहाँले बताउनुभयो । प्रायःजसो मनाङको विकास निर्माणको काम गर्न सकिने अवस्था नरहेको उहाँले बताउनुभयो । उक्त सडक खण्डनिर्माणका लागि बहुवर्षीय योजनाअन्तर्गत वार्षिक रुपमा बजेट विनियोजन हुँदै आएको छ । मनाङको सहज यातायातका लागि सरकारले विशेष रुपमा सडक निर्माण तथा विकास निर्माणका लागि बजेट विनीयोजन गर्दै आएको छ । विपद्ग्रस्त जिल्लालाई समावेश गरेर सङ्घ सरकारमार्फत विपद् व्यवस्थापन विभागबाट रु तीन करोड १४ लाख विनियोजन भएपछि तालगाउँको संरक्षणका लागि तटबन्धन निर्माणको काम भइरहेको पूर्वाधार कार्यालयले जनाएको छ । मनाङको तिमाङमा रु २२ करोडको लागतमा सडक ढलानको काम अन्तिम चरणमा पुगेको छ । निर्माण कार्य सकिने अवस्थामा चिसो सुरु भएपछि केही ढिलाइ हुने भएको छ ।

सडक खण्डअन्तर्गतको जोखिम क्षेत्रको मर्मतसम्भारका लागि रु छ/छ करोडमा नाना कन्सल्टेन्सीले ठेक्का लिएको डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालयले जनाएको छ । आगामी पाँच वर्षको अवधिमा डुम्रे-बेँसीसहर-चामे सडकखण्डलाई चौडा, कालोपत्र, पक्की नालासहित सुरक्षित बनाउने योजनासहित बजेट विनियोजन भएको डुम्रे-बेँसीसहर-चामे सडक योजना रहेको कार्यालयले जनाएको छ ।

# 'कोभिड-१९ को नयाँ भेरियन्ट बीएफ ७ पुष्टि भएको छैन'

रासस
काठमाडौं, ९ पुस

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ को सङ्क्रमणको जोखिम अझै कायम रहेको अवस्थामा छिमेकी मुलुकहरुमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्ट बीएफ ७ हालसम्म नेपालमा पुष्टि नभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

छिमेकी राष्ट्रहरुमा उक्त भेरियन्टको सङ्क्रमण दर दिनानुदिन वृद्धि हुँदै गएको र प्रारम्भिक प्रतिवेदनअनुसार यस भेरियन्टले छोटो समयमा धेरै व्यक्तिलाई सङ्क्रमण गर्ने देखिएकाले नेपालमा पनि यसको जोखिम रहेकाले रोकथाम एवम् नियन्त्रणका लागि सबै सजग एवम् सचेत हुन जरुरी छ ।

इसाई धर्मावलम्बीको महान् पर्व क्रिस्मस तथा अङ्ग्रेजी नयाँ वर्ष, २०२३ नजिकिँदै गरेको अवस्थालाई दृष्टिगत गर्दै कोभिड-१९ को सङ्क्रमणबाट बच्न र बचाउन मास्कको अनिवार्य प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने, साबुनपानीले हात धुने वा स्यानिटाइजर नियमित प्रयोग गर्नेलगायत जनस्वास्थ्यका मापदण्ड नियमित पालना गर्न/गराउन साथै कोभिड-१९ को अतिरिक्त मात्रा (बुस्टर डोज) लगाउन बाँकी रहेकाहरुले स्थानीय स्वास्थ्य संस्थामा सम्पर्क गरी खोप लगाउन मन्त्रालयले अपिल गरेको छ ।

गृह मन्त्रालयले कोभिड-१९ को सङ्क्रमण नेपालमा कम भए पनि विश्वव्यापी रुपमा हेर्दा छिमेकी राष्ट्रलगायत केही देशहरूमा सङ्क्रमणका नयाँ स्वरुप (भेरिएन्ट) देखापरेकाले त्यसको जोखिम तथा असर नेपालमा पनि पर्न सक्ने अवस्थाप्रति सजग एवं सूसुचित हुन अनुरोध गरेको छ । मन्त्रालयले जिल्लास्थित सुरक्षा समिति, स्वास्थ्य कार्यालय, स्थानीय तहलगायत सरोकारवाला निकायको समन्वयमा सार्वजनिक यातायातका साधन तथा बढी भीडभाड हुने स्थानमा मास्क तथा स्यानिटाइजरको प्रयोग गर्ने व्यवस्था मिलाउन पनि आग्रह गरेको छ । मन्त्रालयका सहसचिव तथा प्रवक्ता फणिन्द्रमणि पोखरेलद्वारा शनिबार जारी विज्ञप्तिमा एकअर्कामा भौतिक दूरी कायम राख्ने तथा व्यक्तिगत सरसफाइलगायतमा आवश्यक स्वास्थ्य मापदण्डको पालना गर्ने व्यवस्था मिलाउन पनि अनुरोध गरेको छ ।

# दुई प्रदेश जोड्ने पुल निर्माण हुँदै

पोखरापत्र संवाददाता
दमौली, ९ पुस

गण्डकी प्रदेशको तनहुँ र लुम्बिनी प्रदेशको पाल्पा जोड्ने गरी निर्माण सुरु भएको पक्की पुलको कामले गति लिएको छ । तनहुँ र पाल्पा जोड्ने कालीगण्डकी नदीमाथि निर्माण भइरहेको पक्की पुलको काम तीव्र गतिमा अगाडि बढेको हो ।

हाल तनहुँतर्फको सफ्टफिट स्ल्याब ढलान कार्य सकिएको पुल निर्माण उपभोक्ता समितिका अध्यक्ष विष्णुभक्त सिग्देलले जानकारी दिनुभयो । "स्ल्याब ढलान सकिएपछि अब वालको ढलान कार्यको तयारी हुँदैछ", उहाँले भन्नुभयो, "त्यसपछि डेक स्ल्याबको ढलान हुनेछ ।" उक्त कार्य सकिएपछि नदी डाइभर्सन गरी बाँकी रहेको एउटा पिल्लरको काम हुनेछ ।

तनहुँको घिरिङ गाउँपालिका-१ पुड्डार र पाल्पाको रामपुर नगरपालिका-१ स्याउलीबजार जोड्ने कालीगण्डकी नदीमाथि निर्माण भइरहेको पुलको काम युनाइटेड बिल्डर्सले पाएको छ । दुई सय १० मिटर लामो उक्त पुल तनहुँ र पाल्पा जोड्ने एकमात्र पक्की पुल हो । पुल योजना पश्चिमक्षेत्र सेक्टर नं ४ को प्रत्यक्ष निर्देशन र निरीक्षणमा पुल निर्माण कार्य भइरहेको छ । दुई लेन प्रविधिमा निर्माण हुने पुल रु २७ करोड लागतमा सङ्घीय सरकारको बजेटमार्फत् निर्माण हुन लागेको हो । कालीगण्डकी नदीमा पुल नहुँदा पुड्डार र स्याउलीका सर्वसाधारण पाल्पाको निस्दी गाउँपालिका हुँदै लामो दूरीबाट यात्रा गर्न बाध्य छन् ।

यहाँ पुल निर्माण सुरु भएपछि स्थानीयवासी पनि खुसी छन् । पुल नहुँदा नजिकै रहेको स्याउली बजार जान पनि घुमेर जाँदा टाढा पर्थ्यो । पुल निर्माण भएपछि सहज रुपमा आवतजावत गर्न सकिन्छ । मोटरेबल पुल निर्माण भएपछि दुई स्थानीय तहका हजारौं सर्वसाधारण लाभान्वित हुनेछन् ।

# वडा वडामा पुगेर सेवा दिँदै 'व्यास नगरपालिका'

पोखरापत्र संवाददाता
तनहुँ, ९ पुस

तनहुँको व्यास नगरपालिकाले यही पुस ११ गतेदेखि पुस २० सम्म एकिकृत घुम्ती सेवामार्फत नगरवासीलाई घर आँगनमै पुगेर सेवा दिने भएको छ ।

सामाजिक सुरक्षा भत्ता कार्ड वितरण र पञ्जिकरण एकाइबाट व्यक्तिगत घट्ना दर्ताको व्यवस्था मिलाइएको व्यासका प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले जानकारी दिनुभयो । योजना सम्झौता तथा किस्ता सिफारिस, बालीमा देखापर्ने रोगको जैविक बिषादी, तरकारीका उन्नत बीउ वितरण र कृषकलाई प्राविधिक परामर्श प्रदान गरिने छ । विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य, पाठेघरको मुख र स्तन क्यान्सर, औलो रोग, मधुमेह, उच्च रक्तचापलगायत परीक्षण गरिनेछ । कोभिड-१९को खोप, आङ खस्ने समस्याको जाँच र उपचार, औषधि वितरण, स्वास्थ्य समस्याको परामर्श सेवा र दुईवर्षमूनिका बालबालिकाको वृद्धि अनुगमन र पोषण सम्बन्धि सेवासमेत प्रदान गरिने नागिलाले बताउनुभयो । पशु स्वास्थ्य सेवाका लागि उपचार, रोग निदान, सामान्य शल्यक्रिया, पशु स्वास्थ्यका लागि औषधि वितरणलगायतसेवा पशुपन्छी उपशाखाबाट प्रदान गर्ने व्यवस्था मिलाइएको नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो । यसैगरी तनहुँको म्याग्दे गाउँपालिकाले वास्तविक कृषक पहिचान गरेर मात्रै अनुदान दिने व्यवस्था अघि बढाएको छ । व्यावसायिक कृषकलाई प्रोत्साहन स्वरुप प्रदान गर्ने अनुदान रकम हचुवाको भरमा नभई स्थलगत अनुगमन पश्चात दिने योजना नगरपालिकाले बनाएको हो । अनुदानका लागि गाउँपालिकामा आवेदन दिएका कृषकको फार्ममा पुगेरसमितिले अनुगमन कार्यलाई निरन्तरता दिँदै आएको छ । म्याग्दे गाँउपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेको संयोजकत्वमा गठित समितिले पालिकाभित्र दर्ता गरेर व्यवसाय गरेका कृषकको अनुगमन तथा निरिक्षण गर्दै आएको छ । अनुगमनमा पालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ, समितिका संयोजक बालकृष्ण घिमिरे, पालिका सदस्यद्वय हिरा गुरुङ, अनु महत श्रेष्ठ र शाखाका प्रमुख श्रीकृष्ण पौडेल रहेका छन् ।

गाउँपालिकाले व्यावसायिक कृषकका लागि चालु आवमा बोका वितरणका लागि रु तीन लाख ५० हजार, औजार, च्याप कटरतर्फ रु एक लाख, माछाको भुरा खरिद तथा गोठ, खोर निर्माणका लागि रु चार लाख तथा कुखुरातर्फ रु एक लाख बजेट विनियोजन गरेको छ ।